नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२७५ दायर मितिः-२०८१/११/०८**

**फैसला मितिः-२०८१/१२/०७**

**वादी**

**प्र.स.नि.छोटेलाल प्रसाद यादव समेतको प्रतिवेदनले**

**नेपाल सरकार..........................१**

**प्रतिवादी**

**देश भारत जिल्ला पूर्वी चम्पारण थाना छतौनी ग्राम मोतिहारी वडा नं.४० छोटा बरियारपुर टोल बस्ने नवल किशोर गिरीको छोरा वर्ष ३६ को मनिष कुमार.........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।

२. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका शेख सम्साद अली समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।११।०१ गते नं. १७:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.०८ घण्टाघर स्थित प्रतिवादी मनिष कुमारले महिलाहरुलाई सार्वजनिक सडकमा जिस्काई रहेको प्रहरीले देखि किन जिस्काएको भनी सोधपुछ गर्दा निज प्रतिवादी उल्टै प्रहरीलाई गाली गलौज गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीँलाई कानून बमोजिम कारबाही होस् भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीले महिलाहरुलाई सार्वजनिक सडकमा जिस्काई रहेको प्रहरीले देखि किन जिस्काएको भनी सोधपुछ गर्दा निज प्रतिवादी उल्टै प्रहरीलाई गाली गलौज गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी मनिष कुमारलाई कैद दिन ७, जरिवाना रु.७०००/- अक्षरेपी सात हजार र क्षतिपूर्ती शुल्क रु.३००/- अक्षरेपी तीन सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी मनिष कुमारलाई ठहरेको कैद दिन ७ को हकमा निज मिति २०८१/११/०१ देखि २०८१/११/०७ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा र.नं.२४७/२०८१/११/०८ दाखिला गरेको धरौटी रकम रु.७३००/- बाट जरिवाना रकम रु.७०००/- र क्षतिपूर्ती शुल्क रु.३००/- कट्टी गर्नु---------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ चैत्र महिना ७ गते विहीवार रोज ५/ ने.सं. ११४५ चिल्लागा षष्ठी, शुभम् ........